साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को

# २१ औं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णय पुस्तिका (माइन्युट)

१० चैत्र, २०७९

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

# २१ औं वार्षिक साधारण सभाको कामकारवाही तथा निर्णयपुस्तिका (माइन्यूट)

## १. वैधानिक सभा

यस वित्तीय संस्थाको मिति २०७९ फाल्गुन १८ गते बसेको सञ्चालक समितिको ४६२ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको २१ औं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम, निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल भई निर्णय भएको थियो ।

### १.१. सभा बसेको मिति, समय र स्थान

(१) मिति : २०७९ चैत्र १० गते (March 24, 2023) शुक्रबार

(२) समय : बिहान ११:०० बजे ।

(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

### १.२. छलफल भएको विषयहरु:

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्वन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) आ.व. २०७८/०७९ को लागि नियुक्त लेखापरीक्षक CA. Sujan Kumar Kafle, Sujan Kafle and Associates को सट्टामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(५) बमोजिम CA. Laba Kumar Khatri लाई उक्त आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गरी सम्बन्धित निकायमा जानकारी गराउने भनी सञ्चालक समितिको मिति २०७९/०५/२८ को बैठकबाट गरिएको निर्णय अनुमोदन गर्ने ।

(४) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७९/८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(५) यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्ता पुंजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनका लागि चुक्ता पुंजीको १.३६८४२१०५३ प्रतिशतले हुने नगद लाभांश रु. २,१४,०७,७६६/८० वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(६) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को कार्यकाल थप गर्ने सम्बन्धमा सञ्चालक समितिको मिति २०७९/३/५ को निर्णय अनुमोदन गर्ने ।

(७) सञ्चालक समितिको म्याद थप सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. वित्तीय संस्थाको अधिकृत पुंजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्व मात्र) मा वृद्धि गरी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्व मात्र) कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा आवश्यक संशोधन गर्ने ।

२. यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्ता पुंजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बराबरीको बोनस शेयर वितरण गर्ने सम्बन्धी

सञ्चालक समितिको प्रस्ताव पारित गर्ने र कुल चुक्ता तथा जारी पुँजी रु. १,९७,११,६१,२९६/७८ कायम गरी सो सम्बन्धी प्रबन्धपत्रका दफाहरुमा भएको व्यवस्था संसोधन गर्ने ।

३. "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (संशोधित २०७५) को विनियम ५ को उपविनियम (१) मा भएको व्यवस्था बमोजिम यस वित्तीय संस्थाको आगामी साधारण सभाबाट अनुमोदन प्राप्त गर्ने गरी सञ्चालक समितिको मिति २०७९/३/२७ को निर्णयबाट यस वित्तीय संस्था र अन्य उपयुक्त वित्तीय संस्था वा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग समझदारीपत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गर्ने/गराउने, शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने/गाभिने वा प्राप्त गर्ने सम्बन्धमा अन्तिम सम्झौता गर्ने लगायत भए गरेका सम्पूर्ण कार्यको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मूल्याङ्कनकर्ता SAR Associates को नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्रारम्भिक समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायत गाभ्ने/गाभिने प्रक्रियाका सिलसिलामा भए गरेका निर्णय तथा सम्पूर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्ने ।

५. साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने प्रयोजनका लागि मूल्याङ्कनकर्ता SAR Associates बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मूल्य समेतका विषयहरुको आधारमा आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरुलाई ०.८७ कित्ता (१:०.८७) शेयर प्रदान गर्ने गरी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) गर्न स्वीकृति प्रदान गर्ने ।

६. साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको नाम, उद्देश्य, कार्य, पुँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफाहरु समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

७. आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. ७०,२७,०९७६९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

**(ग) विविध ।**

## २. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका आर्थिक अभियान दैनिकमा दुईपटक (मिति २०७९/११/१९ गते र मिति २०७९/११/२९ गते) प्रकाशन गरिएको थियो । शेयर धनीहरुलाई निजहरुले यस वित्तीय संस्थालाई उपलब्ध गराएको इमेल ठेगानामा समेत सभाको सूचना र संक्षिप्त आर्थिक विवरण पठाईएको थियो । नेपालभर रहेको संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्थाहरु, संस्थापक शेयरधनी कृषि विकास बैंक लि., नेपाल बैंक लि. र नबिल बैंक लि. लाई यस वित्तीय संस्थाको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, दफा १०९(४) बमोजिम सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयर धनीहरुले निरीक्षण गर्न र प्राप्त गर्न सक्ने गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाडौं र वित्तीय संस्थाको वेबसाइटमा समेत राखिएको थियो ।

## ३. उपस्थिति

३.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. डा. बाबुकाजी थापा | सञ्चालक |
| ३. श्री चाँदनी ढकाल | सञ्चालक (भर्चुअली उपस्थित) |
| ४. श्री रवीन्द्र यादव | सञ्चालक |
| ५. श्री उमेश लम्साल | सञ्चालक |
| ६. श्री भुपेश छत्कुली | सञ्चालक |
| ७. डा. महेन्द्र प्रसाद श्रेष्ठ | सञ्चालक (भर्चुअली उपस्थित) |

३.२ शेयरधनी (प्रतिनिधि) हरुको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री राजेन्द्र पराजुली

२. नेपाल बैंक लि., प्रतिनिधि श्री प्रतिज्ञा सुवेदी

३. नबिल बैंक लि., प्रतिनिधि श्री सुसान्त श्रेष्ठ

४. १४१ वटा शेयरधनी साना किसान कृषि सहकारी संस्थाहरुका तर्फबाट ९८ जना प्रतिनिधिहरु उपस्थित भई हाँजिर जनाएको ।

५. सर्वसाधारण शेयरधनीका तर्फबाट ९८ कुल शेयरधनी/शेयरधनी प्रतिनिधिहरु उपस्थित भई हाँजिर जनाएको ।

३.३ प्रमुख कार्यकारी अधिकृत - डा.शिवराम प्रसाद कोइराला

३.४ कम्पनी सचिव - श्री झलेन्द्र भट्टराई

३.५ वित्तीय संस्थाका उच्च व्यवस्थापनको उपस्थिति

१. डा.शिवराम प्रसाद कोइराला प्रमुख कार्यकारी अधिकृत

२. डा. नवराज सिम्खडा नायब प्रमुख कार्यकारी अधिकृत

३. श्री झलेन्द्र भट्टराई नायब प्रमुख कार्यकारी अधिकृत

३.४ अन्य उपस्थिति/पर्यवेक्षक

१. श्री पोषणराज लामिछाने, कानुनी सल्लाहकार

२. श्री दिपक मणी पोखरेल, कम्पनी रजिष्ट्रारको कार्यालय

३. श्री लव कुमार खत्री, खगेन्द्र एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स

४. श्री रुद्र भट्टराई, महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

५. तीन जना प्रतिनिधि (नमीका, रस्मी, ममता, नविल इन्भेष्मेन्ट कम्पनी)

## ४. गणपूरक सङ्ख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल शेयर धनी सङ्ख्या | शेयर सङ्ख्या | उपस्थित शेयर धनी सङ्ख्या | कुल शेयर मध्ये प्रतिनिधित्व भएको शेयर सङ्ख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास बैंक लि. | १ | ३,४४२,८८४.७०६८ | १ | ३,४४२,८८४.७०६८ | १०० |
| नेपाल बैंक लि. | १ | १८९,७८१.१९०० | १ | १८९,७८१.१९०० | १०० |
| नबिल बैंक लि. | १ | ४७४,४५६.९७५० | १ | ४७४,४५६.९७५० | १०० |
| सा.कि.सहकारी संस्था लि. हरु | २३१ | ६,८२६,०२७.४३३९ | १४१ | ४४३२२१७.०९ | ६४.९३ |
| सर्वसाधारण शेयरधनीहरु | २००११ | ४,७१०,९८६.९७०३ | ९८ | ७६२१३ | ०.४९ |
| जम्मा | | १५,६४४,१३७.२७६ | २४२ | ८६१५५५२.९६१८ | ५५.०७ |

## ५. सभाको वैधानिकता र सभा सञ्चालन

५.१ कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक सङ्ख्या बाँडफाँड भएको कुलशेयर सङ्ख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयर धनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाका २१ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाँजिरी पुस्तिकामा हाँजिरी जनाउने शेयरधनीको सङ्ख्या २४२ भएको र कुल शेयरको ५५.०७ प्रतिशत प्रतिनिधित्व भएको एवम् ऐनको दफा ६८ बमोजिम प्रत्येक

सञ्चालक साधारण सभामा स्वयम् वा भर्चुअली उपस्थित भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक सङ्ख्या पुगेको र प्रचलित कम्पनी कानूनअनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मन्जुर गरेको थियो ।

५.२ कम्पनी ऐन, २०६३ को दफा ७४(१) र यस वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षज्यूलाई सभाको अध्यक्षता गर्नको लागि अनुरोध गर्नु भएपछि वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो । अन्य सञ्चालक समेतलाई आषण ग्रहण गराए पश्चात सामूहिक राष्ट्रिय गान भएको थियो र दीप प्रज्वलन गरी अध्यक्षबाट कार्यक्रम समुद्घाटन भएको थियो ।

५.३ साधारण सभामा उपस्थित शेयरधनीहरुलाई अध्यक्षको सहमतिबाट प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले वित्तीय संस्थाका गतिविधि, हालसम्मको उपलब्धी र भविष्यका कार्यक्रमहरु माथि प्रकाश पार्दै स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

५.४ पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## ६. वार्षिक साधारण सभाको प्रस्तुती

६.१ सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयर महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

६.२ अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक शेयर महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन एवम् लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ असार मसान्तको वासलात र मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवम् आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभयो ।

## ७. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु

छलफलको क्रममा शेयरधनी एवम् शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको लिखित तथा मौखिक विचार, जिज्ञासा तथा सुझावहरुलाई तल संक्षेपमा प्रस्तुत गरिएकोछ ।

- समुन्द्रनाथ : अक्सन शेयरदेखिको बोनस शेयर आएन
- रामनाथ त्रिपाठी : मर्जर कहिले सम्म सम्पन्न हुने? समयावधि कति लाग्छ?
- श्री शान्ति सिंह (प्रतिनिधि साना किसान कृषि सहकारी लाटिकोइली, सुर्खेत) : मर्जरको उद्देश्य, लक्ष्य र कारण के हो ? विस्तृत जानकारी पाउन अनुरोध गर्दछु । उहाँहरूको भूमिका र हाम्रो भूमिका के रहन्छ ?
- श्री डिल्ली प्रसाद पाठक (प्रतिनिधि साना किसान कृषि सहकारी धादिङ, सलाङ) : आरएमडीसीको वित्तीय अवस्था कमजोर भएर शेयर ८७ भएको हो कि ? सञ्चालकमा संस्थापक तर्फबाट ४ जना हुने गरेकोमा आगामी दिनमा पनि ३ जना संसथापक साना किसान सहकारीको हुनुपर्दछ भन्ने अनुरोध छ ।
- श्री सुखदेव न्यौपाने (पूर्व सञ्चालक) : २१ औं वार्षिक साधारण सभा हुन लागेको छ । पहिले ऋण माग गर्दा अलि दुःख थियो । कृषि विकास बैंक लि., साना किसान सहकारी संस्था लि. र नेपाल सरकारको स्वामित्वमा यो वित्तीय संस्था २०५८ सालमा स्थापना भएको हो । हाम्रो १०० शेयर र आरएमडिसीको ८७ शेयर रहेको छ । आरएमडिसीले विभिन्न लघुवित्त वित्तीय संस्थाहरुलाई विना धितो ऋण दिएको छ । हाम्रो शेयर १०० भन्दा तल झर्न दिदैनौं । मर्जर सम्बन्धी हरेक इलाकामा जानकारी हुनुपर्दछ ।

- श्री हरि बहादुर अधिकारी (साना किसान कृषि सहकारी कालिका, बर्दिया) : नाफा नोक्सानको अवस्था के हुने ? हाल गाउँमा रहेका लघुवित्त संस्थाहरुको नाम नलिने अवस्था रहेको छ । यसै क्रममा अन्य लघुवित्त सँग मर्जर भइरहेको छ ? अब कसरी अगाडि बढ्ने ।
- श्री गोविन्द प्रसाद शर्मा (साना किसान कृषि सहकारी लक्ष्मीपुर, दाङ) : ग्रामीण उद्यममा धितो लिने, अन्य वित्तीय संस्थाले विना धितो ऋण दिने गरेका छन् । अरु ठिकै छ । धन्यवाद ।
- श्री इन्द्रजित प्रसाद थारु (साना किसान कृषि सहकारी संस्था लि, टिकुलीगढ) : हिजोको समयमा आरएमडीसीबाट केही साना किसान कृषि सहकारी संस्था लि हरुले ऋण लिने गरेकोमा हाल आरएमडिसीसँग मर्जर गर्नु लाग्नु भयो । किसानले उत्पादन गरेको वस्तुको मूल्य किसानले नै तय गर्ने व्यवस्था हुनुपर्दछ । साना किसान अभियानको सुन्दरपक्ष समूह हो । साना किसान बैंक भनेको हाम्रो हो, हाम्रो शेयर छ । बृहत् छलफल गरेर मर्जर हुनुपर्दछ ।
- श्री राम प्रसाद महतो (साना किसान कृषि सहकारी संस्था लि, नकटाझिज) : २०३२ सालमा साना किसान अभियान शुरुवात भएको हो । किसानलाई समयमा मल बिउ उपलब्ध हुन सकेको छैन । हाम्रो साना किसान अभियान र इतिहास हो यसलाई जिवन्त दिनुपर्दछ ।
- श्री विन्दा सिंह राजपुत (साना किसान कृषि सहकारी संस्था लि. भोडाहा बारा) : पूर्व वक्ताहरुबाट राम्रो कुरा आएको छ । सान्दर्भिक कुरा उठाउनु भएको छ । एक्काइसौं साधारण सभा भइरेहको छ । साधारण सभा पायक पर्ने ठाउँमा हुनुपर्दछ ।
- श्री राम देव यादव (साना किसान कृषि सहकारी संस्था लि. भरतपुर, धनुषा) : सरकारले कृषिलाई वास्ता गरेको छैन, हामी साना किसान अभियन्ताहरू सबै मिलेर कृषिलाई अगाडि बढाउन एकजुट हुनुपर्दछ ।
- साना किसान सहकारी संस्था लि., अनेकोट, काभ्रे : विशेष प्रस्तावमा सामाजिक उत्तरदायित्व कोषको रु. ७० लाखको कुरा स्पष्ट पारिदिनु हुन ।

## ८. पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरुको जवाफ अध्यक्षज्यूको आज्ञाले प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइराला र कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले दिनुभएको थियो ।

८.१ अध्यक्ष श्री खेम बहादुर पाठकले विभिन्न जिज्ञासाहरुको प्रष्ट पार्दै भन्नु भयो -

- संस्थागत रुपमा प्रमुख कार्यकारी अधिकृतज्यूले बताई सक्नु भएको छ । केही छुटेका कुराहरू बताउन चाहन्छु ।
- शेयरधनीले सञ्चालकलाई महत्वपूर्ण सल्लाह र सुझाव दिनुभएकोमा आभार व्यक्त गर्न चाहान्छु । यस गरिमामय साधारण सभामा सिङ्गो नेपालभरिका प्रतिनिधिहरुले घच्घचाइ रहनु भएको छ । मर्जर सम्बन्धी र किसानका मल बिउ जस्ता जल्दा बल्दा समस्याको समाधान गर्न सुझाव आएको छ ।
- मर्जर पश्चात साना किसान अभियानको संरचनामा केही परिवर्तन हुँदैन । सञ्चालकहरुको संरचनामा मात्र हेरफेर हुन्छ । सेवा सुविधामा केही कमी हुदैन अझ धेरै सेवाहरु थप हुनेछ ।
- मर्जर सम्बन्धी प्रश्नहरु आएका छन् दुबै वित्तीय संस्थाको संयुक्त मर्जर समिति बनेको छ । नेपाल राष्ट्र बैंक बाट अन्तिम स्वीकृति भइसकेपछि दुबैको संयुक्त साधारण सभा

बस्छ । उक्त साधारण सभाबाट ६ जना निर्वाचित (२ जना सर्वसाधारणबाट र ४ जना संस्थापकबाट) हुनेछ । हामी अन्तिम चरणमा आइसकेको छौं ।

- साना किसान कृषि सहकारी संस्थाहरूबाट बढी भन्दा बढी सञ्चालकहरु हुनुपर्दछ भन्ने कुरा आएको छ । डिल्ली पाठकज्यूले कुरा उठाउनु भएको छ । ४ जना संस्थापकहरुमध्ये ४ जना साना किसान कृषि सहकारीबाट हुनुपर्दछ भन्नु भएकोमा हामी यसमा छलफल गर्दैछौं ।
- मर्जरबारे बृहत छलफल गरी अगाडि बढाउने सम्बन्धमा यसपूर्व विभिन्न इलाका स्तरीय समीक्षाहरुमा जानकारी गराउदै आएका थियौं । सबै कुरा हाम्रो हुनुपर्दछ भन्ने कुरा आएको छ । विभिन्न नियमको परिधिभित्र रही कार्य गर्नुपर्दछ ।
- यस वित्तीय संस्थामा विभिन्न व्यावसायिक विज्ञ व्यक्तिहरूको सल्लाह सुझाव प्राप्त हुने गरेको छ । सदस्यहरुको आर्थिक, सामाजिक जिवनस्तर माथि उठाउने मात्र स्वार्थ छ हाम्रों अन्य स्वार्थ छैन् ।
- सरकारले हामीलाई सहयोग गरिरहेको छ । हामी विशिष्टिकृत संस्था बनाउने काममा अगाडि बढेको कुरा जानकारी गराँउदछु ।
- अध्यक्ष लघुवित्त वित्तीय संस्थाको हुने, प्रमुख कार्यकारी अधिकृत यसै वित्तीय संस्थाको हुने कुरा सहमति पत्रमा उल्लेख भइसकेको छ ।
- हाम्रो शेयर पुंजी बढाउन जरुरी छ । नाम चलेको आरएमडीसी पनि हो, फर्स्ट माइक्रो फाइन्यास र आरएमडीसी मर्जरको अन्तिम चरणमा पुगेको छ । अन्य थोक कर्जा वित्तीय संस्था फर्स्ट माइक्रो फाईनान्स र आएसडीसी पनि रहेका छन् ।
- हामी पुंजीको आधारमा लघुवित्त भएका हौं । नेपाल राष्ट्र बैंकका गर्भनरज्यूले २१ औं वार्षिक साधारण सभाको सफलताको कामना फोनबाट दिनुभएको छ । उहाँप्रति हामी सबैको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं ।
- म पनि साना किसान सदस्य हु, कुनै संस्थाको सञ्चालक पनि छु, मलाई यो अभियानमा कतै विचलन नआवस भन्ने कुरामा पनि सचेत छु । कम्पनीमा दर्ता अभिलेख भएको जिल्ला र छिमेकी जिल्लामा मात्र साधारण सभा गर्ने व्यवस्था कम्पनी ऐनमा भएकोले हामीले बाहिर गर्न नमिलेको हो ।
- मलबिउको समस्या विगत देखिको हो । सरकारले समयमा उपलब्ध गराउन सकेको छैन । अफ सिजनमा मल खरिद गरी सरकारका विभिन्न ठाउँमा रहेका गोदामहरुमा भण्डारण गर्न सके केही हदसम्म समस्या समाधान हुने थियो । सरकारसँग यही कुरा गरिरहेका छौं । मल कारखाना स्थापनामा ठूलो लागत लाग्ने भएकोले अनुदान सहयोग जुटाई स्थापना गर्न सकिन्छ ।
- मल बिउको समस्या विगत देखिको हो । सरकारले समयमा उपलब्ध गराउन सकेको छैन ।
- साना किसान अभियानको मर्म र भावना हराउँनु हुँदैन ।
- हाम्रो प्रतिवेदन यहाँहरुले सहर्ष स्वीकार गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरुप्रति आभार व्यक्त गर्दछु ।

८.२ वित्तीय संस्था व्यवस्थापनसँग सम्बन्धित केही जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा सभाध्यक्षको अनुमतिमा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइरालाबाट सभा समक्ष दिइएको जवाफ यस प्रकार रहेको छ :

- आदरणीय शेयरधनी महानुभावहरुबाट धेरै सुझाव र सल्लाह प्राप्त भएको छ । अहिले लघुवित्त क्षेत्रमा समस्या र चुनौती छन् ।

- साना किसान कार्यक्रम समस्यामा पर्ने हो कि भन्ने यहाँहरूको चिन्ता र चासो व्यक्त गर्नु भएको छ ? जिज्ञासाहरू अत्यन्त सान्दर्भिक छन् । म प्रष्ट पार्न चाहन्छु । छुट भएकोमा अध्यक्षज्यूबाट अझ प्रष्ट हुनेछ ।
- यस वित्तीय संस्थाले विगतका वर्षदेखि २५-२६% बोनस नियमित रुपमा उपलब्ध गराउदै आएको छ । साना किसान कृषि सहकारी संस्था लि. को आन्तरिक श्रोत बढाउने हो, उक्त रकम घर जग्गामा लगानी नगरी कृषि उद्यममा लगानी गर्नुपर्दछ । नियमानुसार मात्र घर जग्गामा लगानी गर्ने ।
- मर्जर किन गर्ने ? भन्ने जिज्ञासा आएको छ । वाणिज्य बैंक, विकास बैंक, फाइनान्स कम्पनीहरु मर्ज भई संख्यामा कम भएका छन्, धेरै भएकोमा ऋणमा दोहोरोपना आएको छ त्यसैले मर्जरको आवश्यकता भएको छ ।
- व्यक्तिले ऋण धेरै ठाउँबाट लिदा ऋण उत्पादनमुलक ठाउँमा नभई अनुत्पादक क्षेत्रमा भयो । ग्राहकमा दोहोरोपना हटाउन, पुँजी बढाउन र सबल संस्था बनाउन मर्जर निति नेपाल राष्ट्र बैकले ल्याएको ।
- हाम्रो १०० बराबरको शेयर आरएमडीसीको ८७ रहेको छ ।
- संरचना परिवर्तन हुदैन, इलाका जहाँ छन त्यही हुन्छन् । मर्जरले कुनै फरक पार्दैन । साना किसान अभियन्ताहरु विचलन हुनु भएन, सहकारी सिद्धान्त, मूल्य, र मान्यतालाई पालना गरौं ।
- नेपाल राष्ट्र बैंकबाट लघुवित्तले इजाजत प्राप्त गरेका हुन् । राष्ट्र बैंकले निगरानी गरी हेरी रहेको छ । हल्लाको पछाडि नलागी असुलीमा जोड दिने, भाखा नाघेको रकम २०८० असारसम्म घटाउने । आशा गरौं यो अवस्था सधै नरहला ।
- स्वाप अनुपात मिलेको छैन् भन्ने जिज्ञासा आएको छ । यसमा DDA ले निर्धारण गर्दछ । विज्ञ समूहको सिफारिस र सुझाव अनुसार स्वाप अनुपात निर्धारण गरिएको हो ।
- मर्जरपछि शेयर संरचना साना किसान कृषि सहकारी संस्था लि को २६% जति, कृषि विकास बैंकको १४%, अन्य वाणिज्य बैंकहरुको ३०% र सर्वसाधारणको ३०% हुनेछ । यस वित्तीय संस्थाले कुनै व्यक्तिलाई ऋण दिदैन । सहकारी संस्थाबाट मात्र ऋण दिने गरेका छौं ।
- मर्जर पश्चात चुक्ता पुँजी करिब ३.५० अर्ब र जगेडा कोष करिब ७ अर्ब हुनेछ । चुक्ता पुँजी धेरै भएमा सेवा विस्तार गर्न सकिन्छ । पछिका लागि विशिष्टिकृत बैंक बनाउने सोच रहेको छ । शेयर पुँजीका आधारमा सञ्चालकहरुको प्रतिनिधित्व हुनेछ ।

८.३ कम्पनी सचिव तथा नायब प्रमुख कार्यकारी अधिकृत श्री झलेन्द्र भट्टराईबाट भएका क्रियाकलाप :

- सभामा उद्घोषक र सहजकर्ताको कार्य सम्पादन गर्दै छलफल सत्रमा जिज्ञासा राख्ने शेयरधनीहरुको नामावली संकलन गरी क्रमबद्ध रुपमा आफ्नो भनाई राख्न मञ्चमा बोलाउनु भएको थियो । प्रतिवेदनमा अरु एनआरएफएस बाहेकका कुराहरु नेपालीमा नै भएको जानकारी गराउनु भयो । सभा सम्बन्धी विषयहरुमा शेयरधनीहरुबाट राखिएको जिज्ञासाहरु सम्वोधन गर्नुभएको थियो । अध्यक्षज्यूबाट अनुमति दिइएका प्रस्तावहरु छलफल तथा स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको थियो ।

## ९. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी सर्वसम्मत निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नुभयो :

**(क) सामान्य प्रस्ताव**

***प्रस्ताव नं. १. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।***

निर्णय

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो।

***प्रस्ताव नं. २. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने।***

निर्णय

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/७९ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव माथि छलफल भई उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित भयो।

***प्रस्ताव नं. ३. आ.व. २०७८/०७९ को लागि नियुक्त लेखापरीक्षक CA. Sujan Kumar Kafle, Sujan Kafle and Associates को सट्टामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(५) बमोजिम CA. Laba Kumar Khatri लाई उक्त आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गरी सम्बन्धित निकायमा जानकारी गराउने भनी सञ्चालक समितिको मिति २०७९/०५/२८ को बैठकबाट गरिएको निर्णय अनुमोदन गर्ने।***

निर्णय

आ.व. २०७८/०७९ को लागि नियुक्त लेखापरीक्षक CA. Sujan Kumar Kafle, Sujan Kafle and Associates को सट्टामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(५) बमोजिम CA. Laba Kumar Khatri लाई उक्त आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गरी सम्बन्धित निकायमा जानकारी गराउने भनी सञ्चालक समितिको मिति २०७९/०५/२८ को बैठकबाट गरिएको निर्णय अनुमोदन गरियो।

***प्रस्ताव नं. ४ कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० को लेखापरीक्षण कार्यको लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।***

निर्णय

यस वित्तीय संस्थाको आ.व. २०७९/८० को लेखापरीक्षण गर्न (सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिमको संस्थागत सुशासन सम्वन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणिकरण, लङ्गफर्म

प्रतिवेदन, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणीकरण र कर लेखापरीक्षण समेत) लेखापरीक्षक Sujan Kafle & Associates, Chartered Accountants लाई भ्याट बाहेक रु ३,८५,०००।- (अक्षरुपी तीन लाख पचासी हजार) मात्र लेखापरीक्षण पारिश्रमिक सहित कम्पनी ऐन २०६३ को दफा १६५(घ) अनुसार लेखापरीक्षकमा नियुक्तिका लागि लेखा परीक्षण समितिबाट सिफारिस भई आए बमोजिम सञ्चालक समितिका तर्फबाट प्रस्तुत प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**प्रस्ताव नं. ५** *यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनका लागि चुक्ता पुँजीको १.३६८४२१०५३ प्रतिशतले हुने नगद लाभांश रु. २,१४,०७,७६६/८० वितरण गर्ने प्रस्ताव पारित गर्ने ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/७९ सम्मको मुनाफाबाट चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बराबरको बोनस शेयर र बोनस शेयरको कर प्रयोजनको लागि चुक्ता पुँजीको १.३६८४२१०५३ प्रतिशतले हुने नगद लाभांश रु. २,१४,०७,७६६/८० गरी कुल जम्मा रु. ४२,८१,५५,३३५/९८ बराबरको मुनाफा वितरण गर्न एवम् प्रदान गरिने बोनस शेयर गणना गर्दा प्रयाक्सनमा आउने अङ्कलाई आगामी वर्षहरुमा क्रमशः पूर्णाङ्क नपुगेसम्म सम्बन्धित कै नाममा सञ्चित राख्ने व्यवस्था सहित स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

**प्रस्ताव नं. ६** *सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को कार्यकाल थप गर्ने सम्बन्धमा सञ्चालक समितिको मिति २०७९/३/५ को निर्णय अनुमोदन गर्ने ।*

निर्णय

सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को कार्यकाल थप गर्ने सम्बन्धमा सञ्चालक समितिको मिति २०७९/३/५ को निर्णय अनुमोदन भयो ।

**प्रस्ताव नं. ७** *सञ्चालक समितिको म्याद थप सम्बन्धमा ।*

निर्णय

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९/५/३१ को निर्णयबाट यस वित्तीय संस्था र आरएमडीसी लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि सैद्धान्तिक सहमति प्राप्त भएको तर सञ्चालकहरुको पदावधि मिति २०७९/१०/१७ मा नै सकिने भएकोले मर्जर पश्चात एकिकृत संस्थाको सञ्चालक समितिको निर्वाचन नभएसम्मको अवधिको लागि सञ्चालक पदावधिकारीहरु बहाल रहने गरी छुट सुविधा प्रदान गरिदिन नेपाल राष्ट्र बैंक समक्ष अनुरोध गरिएकोमा नेपाल राष्ट्र बैंकबाट "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्न/गाभिने (मर्जर) वा प्राप्ति गर्ने (एक्विजिसन) सम्बन्धी विनियमावली २०७३ (पाँचौ संशोधन, २०७९ समेत) को विनियम १३ को १ (ढ)" को अधिनमा रहि तपसिल बमोजिमका सञ्चालक समितिका सदस्यहरुलाई गाभिए पश्चात् प्रचलित कानुन बमोजिम पुनः निर्वाचन नभएसम्मको अवधिको लागि साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक पदमा बहाल रहन स्वीकृति प्रदान भई आएको विषय जानकारी भयो ।

तपसिल

| क.स. | सञ्चालकको नाम | पद | शेयरधनी समूह |
|---|---|---|---|
| १. | श्री खेम बहादुर पाठक | अध्यक्ष | संस्थापक |
| २. | श्री रवीन्द्र यादव | सदस्य | |
| ३. | श्री चाँदनी ढकाल | सदस्य | |
| ४. | डा. बाबुकाजी थापा (वाणिज्य बैंकको समूहबाट कृषि विकास बैंकका प्रतिनिधि) | सदस्य | |
| ५. | श्री उमेश लम्साल | सदस्य | सर्वसाधारण |
| ६. | श्री भुपेश छत्कुली | सदस्य | |

(ख) **विशेष प्रस्ताव :**

*प्रस्ताव नं. १ वित्तीय संस्थाको अधिकृत पुँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्ब मात्र) मा वृद्धि गरी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) कायम गर्ने र सोही बमोजिम मिलान गर्ने प्रबन्धपत्रको दफा ५ मा आवश्यक संशोधन गर्ने।*

निर्णय

वित्तीय संस्थाको अधिकृत पुँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्ब मात्र) मा वृद्धि गरी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) कायम गर्ने र सोही बमोजिम मिलान गर्ने प्रबन्धपत्रको दफा ५ मा आवश्यक संशोधन गर्ने प्रस्ताव प्रस्तुत भई छलफल हुँदा सर्वसम्मतिबाट पारित भयो।

*प्रस्ताव नं.२ यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बराबरीको बोनस शेयर वितरण गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने र कुल चुक्ता तथा जारी पुँजी रु. १,९७,११,६१,२९६/७८ कायम गरी सो सम्बन्धी प्रबन्धपत्रका दफाहरुमा भएको व्यवस्था संसोधन गर्ने।*

निर्णय

यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बराबरीको बोनस शेयर वितरण गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गरियो। साथै, प्रदान गरिने बोनस शेयर गणना गर्दा फ्याक्सनमा आउने अङ्कलाई आगामी वर्षहरुमा क्रमशः पूर्णाङ्क नपुगेसम्म सम्बन्धित कै नाममा सञ्चित राख्ने व्यवस्था गर्ने र कुल चुक्ता तथा जारी पुँजी रु. १,९७,११,६१,२९६/७८ कायम गरी सो सम्बन्धी प्रबन्धपत्रका दफाहरुमा भएको व्यवस्था संसोधन गर्ने सम्वन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

निर्णय

*प्रस्ताव नं. ३ "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (संशोधित २०७५) को विनियम ५ को उपविनियम (१) मा भएको व्यवस्था बमोजिम यस वित्तीय संस्थाको आगामी साधारण सभाबाट अनुमोदन प्राप्त गर्ने गरी सञ्चालक समितिको मिति*

***२०७९/३/२७ को निर्णयबाट यस वित्तीय संस्था र अन्य उपयुक्त वित्तीय संस्था वा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग समझदारीपत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गर्ने/गराउने, शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने/गाभिने वा प्राप्त गर्ने सम्बन्धमा अन्तिम सम्झौता गर्ने लगायत भए गरेका सम्पूर्ण कार्यको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।***

निर्णय

"बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (संशोधित २०७५) को विनियम ५ को उपविनियम (१) मा भएको व्यवस्था बमोजिम यस वित्तीय संस्थाको आगामी साधारण संभाबाट अनुमोदन प्राप्त गर्ने गरी सञ्चालक समितिको मिति २०७९/३/२७ को निर्णयबाट यस वित्तीय संस्था र अन्य उपयुक्त वित्तीय संस्था वा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्वन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग समझदारीपत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गर्ने/गराउने, शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने/गाभिने वा प्राप्त गर्ने सम्वन्धमा अन्तिम सम्झौता गर्ने लगायत भए गरेका सम्पूर्ण कार्यको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (Merger) सम्वन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा प्रस्ताव बमोजिम नै हुने गरी सर्वसम्मतले स्वीकृति प्रदान गरियो।

***प्रस्ताव नं. ४ साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मूल्याङ्कनकर्ता SAR Associates को नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्रारम्भिक समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायत गाभ्ने/गाभिने प्रक्रियाका सिलसिलामा भए गरेका निर्णय तथा सम्पूर्ण काम कारबाहीहरुलाई अनुमोदन गर्ने।***

निर्णय

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मूल्याङ्कनकर्ता SAR Associates को नियुक्ति तथा निजलाई भुक्तानी गरिएको खर्च तथा पारिश्रमिक, सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्रारम्भिक समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायत गाभ्ने/गाभिने प्रक्रियाका सिलसिलामा भए गरेका निर्णय तथा सम्पूर्ण काम कारवाहीहरुलाई सर्वसम्मत अनुमोदन गरियो। साथै, यस वित्तीय संस्था र आरएमडीसी लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने सन्दर्भमा मिति २०७९/५/३१ मा भएको

प्रारम्भिक समझदारी पत्रमा मर्जर पश्चात संयुक्त संस्थाको नाम "साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड" राख्ने व्यवस्था भए बमोजिम नै सोही नामलाई अन्तिम सम्झौता (Final Scheme Arrangement) लगायत सबै कागजातहरु कायम गर्न दुवै सञ्चालक समितिबाट भएको सहमति समेत अनुमोदन गरियो ।

***प्रस्ताव नं. ५ साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने प्रयोजनका लागि मूल्याङ्कनकर्ता SAR Associates बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मूल्य समेतका विषयहरुको आधारमा आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरुलाई ०.८७ कित्ता (१:०.८७) शेयर प्रदान गर्ने गरी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) गर्न स्वीकृति प्रदान गर्ने ।***

निर्णय

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने प्रयोजनका लागि मूल्याङ्कनकर्ता SAR Associates बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मूल्य समेतका विषयहरुको आधारमा आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरुलाई ०.८७ कित्ता (१:०.८७) शेयर प्रदान गर्ने र साना किसान विकास लघुवित्त वित्तीय संस्थाको शेयरधनीहरुको १ कित्ता शेयर बराबर १ कित्ता शेयर नै कायम रहने गरी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) गर्न सर्वसम्मत स्वीकृति प्रदान गरियो ।

***प्रस्ताव नं. ६ साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको नाम, उद्देश्य, कार्य, पुँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफाहरु समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।***

निर्णय

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा संस्थाको प्रबन्धपत्र

तथा नियमावलीको नाम, उद्देश्य, कार्य, पुंजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफाहरु समेतमा संलग्न तीन महले बमोजिम संशोधन गर्ने । उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गरी सर्वसम्मत पारित गरियो । साथै, तीन महलेको कैफियतमा उल्लेख भएबमोजिम प्रबन्धपत्र र नियमावलीको संलग्न बमोजिमका संशोधनहरु मध्ये प्रबन्धपत्रको दफामा उल्लेखित पूँजी वृद्धि सम्बन्धि व्यवस्थाका उल्लिखित अंश अभिलेख भएको मिति देखि लागु गर्ने र प्रबन्धपत्र र नियमावलीमा संशोधन सम्बन्धी अन्य दफा/नियमहरुमा भएको संशोधन यस वित्तीय संस्था र आरएमडीसी लघुवित्त वित्तीय संस्थाहरुबिच एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रकृया सम्पन्न भई दुवै वित्तीय संस्थाको एकीकृत कारोबार सुरु भएको मिति देखि मात्र लागु हुने गरी संशोधन गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ७ ***आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. ७०,२७,०९७६९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।***

निर्णय

आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. ७०,२७,०९७६९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि सर्वसम्मत गरी प्रस्ताव पारित गरियो ।

(ग) विविध :

(१) प्रस्ताव : ***नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।***

निर्णय

नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलांई अख्तियारी दिने सम्बन्धमा छलफल हुँदा यसै साधारण सभाको निर्णय कार्यान्वयनको सिलसिलामा नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका विषयमा सामान्य संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने भनी सर्वसम्मत निर्णय गरियो ।

## १०. सभा विसर्जन

१.१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने वेहोरा सभालाई जानकारी गराईयो ।

१.२. सभाको अन्त्यमा सम्पूर्ण शेयरधनी महानुभाव एवम् सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सभाका अध्यक्ष श्री खेम वहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

१.३. छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष श्री खेम वहादुर पाठकले शेयरधनी महानुभाववहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्नु भयो । यति राम्रो सहभागितावाट यो सभा सम्पन्न गर्न पाउनु हाम्रो अहोभाग्य हो भन्नु हुँदै यो २१ औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि शेयरधनी महानुभावहरुमा साथै सभा सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

..........................
(झलेन्द्र भट्टराई)
कम्पनी सचिव

..........................
(खेम बहादुर पाठक)
अध्यक्ष

चैत्र १०, २०७९

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गको वित्तीय संस्था)

## को प्रबन्धपत्रमा संशोधनका लागि २१ औं साधारण सभामा प्रस्तुत तीनमहले प्रस्ताव

("साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडबिच एक आपसमा गाभ्ने र गाभिने (Merger) सम्बन्धमा सम्पन्न अन्तिम सम्झौता-पत्र (Final Scheme of Arrangement)" को बुँदा नं. १० मा भएको व्यवस्था अनुसार साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्ध पत्रलाई निरन्तरता दिई सोमा संशोधन प्रस्ताव गर्न संयुक्त मर्जर समितिबाट मिति २०७९/१२/९ मा प्राप्त सुझाव समेतका आधारमा)

| दफा | साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|---|
| १. | **वित्तीय संस्थाको नाम** : यस वित्तीय संस्थाको नाम साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan Bikas Laghubitta Bittiyasanstha Limited (छोटकरीमा SKBBL) भनिनेछ, जसलाई यसपछि वित्तीय संस्था भनिएको छ । | **वित्तीय संस्थाको नाम** : यस वित्तीय संस्थाको नाम साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan RMDC Laghubitta Bittiya Sanstha Limited (छोटकरीमा SKRBL) भनिनेछ, जसलाई यसपछि वित्तीय संस्था भनिएको छ । | मर्ज हुने दुवै वित्तीय संस्थाले मर्जरपछिको संयुक्त संस्थाको नाम यसैबमोजिम राख्न स्वीकार गरेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| ३ | (१) (क) नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरु र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरु (यस पछि साझेदार संस्था भनिएको) लाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने । | (क) साना किसान कृषि सहकारी संस्थाहरु, अन्य सहकारी संस्थाहरु, लघुवित्त संस्थाहरु (यस पछि साझेदार संस्था भनिएको) लाई धितो लिई वा नलिई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने । | दुवै वित्तीय संस्थाको प्रबन्धपत्रका उद्देश्य अनुरुप मिलान गर्नु परेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| | (१) (घ) संस्थाहरुको संस्थागत एवम् मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने । | (घ) साझेदार संस्थाहरुको संस्थागत एवम् मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने । | स्पष्ट गर्न आवश्यक देखिएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| ३(१) | नभएको | (छ) कृषि, कृषि व्यवसाय, उद्योग, सेवा, व्यापार तथा अन्य उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई मुलुकको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने । | आरएमडीसी लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ३ को उपदफा (च) मा भएको व्यवस्थालाई निरन्तरता दिईएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| ३(१) | नभएको | (ज) प्रचलित कानुनको अधिनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट ऋण वा अनुदान प्राप्त गरी लघुवित्त क्षेत्रको प्रवर्धन तथा विकासका लागि आवश्यक कार्य गर्ने । | आरएमडीसी लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ३ को उपदफा (च) मा भएको व्यवस्थालाई निरन्तरता दिईएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| ३(१) | नभएको | (झ) सम्भाव्यताको आधारमा माग अनुसार संगठित संस्था वा व्यक्तिलाई उद्यम कर्जा (Enterprise Loan) प्रदान गर्ने । | आरएमडीसी लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ३ को उपदफा (च) मा भएको व्यवस्थालाई निरन्तरता दिईएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| ४. | (थ) वित्तीय संस्थालाई मान्य हुने सुरक्षण लिई संस्थाहरुलाई छोटो तथा मध्यम अवधिको थोक कर्जा र पुनरकर्जा प्रदान गर्ने । | (थ) वित्तीय संस्थालाई मान्य हुने धितो वा सुरक्षण लिई वा नलिई संगठित संस्था वा व्यक्तिहरुलाई कर्जा प्रदान गर्ने । | दुवै वित्तीय संस्थाको प्रबन्धपत्रका उद्देश्य अनुरुप मिलान गर्नु परेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| ४ | (म) शुल्क लिई वा नलिई संस्थाहरुलाई परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराउने । | (म) शुल्क लिई वा नलिई संगठित संस्था तथा व्यक्तिहरुलाई तालिम, गोष्ठि, अवलोकन/अध्ययन भ्रमण, परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराउने । | सहकारी तथा लघुवित्त क्षेत्रमा सुशासन र क्षमता विकासकोलागि गुणस्तरीय एवम् व्यवहारिक कार्यक्रमको आवश्यकता रहेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |

| दफा | साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|---|
| ४ | (ष) साना किसान सहकारी संस्थाहरुलाई अन्य स्थानमा समान प्रकृतिका संस्थाहरुको स्थापना गर्न प्रोत्साहन तथा सहयोग गर्ने । | (ष) सेवा नपुगेका अन्य स्थानमा अनुसरण गरी नयाँ साना किसान कृषि सहकारी संस्थाहरुको स्थापना गर्न आवश्यकता अनुसार साझेदार संस्थालाई प्रोत्साहन तथा सहयोग गर्ने । | समय सापेक्ष संशोधन आवश्यक देखिएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| ४ | (ह) संस्थाहरुको वित्तीय स्व-सक्षमता र दीगोपना अभिवृद्धि गर्न आवश्यक उपायहरु अवलम्वन गर्ने, गराउने । | (ह) साझेदार संस्थाहरुको वित्तीय स्व-सक्षमता र दीगोपना अभिवृद्धि गर्न आवश्यक उपायहरु अवलम्वन गर्ने, गराउने । | स्पष्ट गर्न आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| ४ | (त्र) वित्तीय संस्थाबाट ऋण वा कुनै प्रकारको सुविधा लिने ऋणी वा संस्थाको विवरण, सूचना वा जानकारी अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग लिने, दिने । | (त्र) वित्तीय संस्थाबाट ऋण वा कुनै प्रकारको सुविधा लिने ऋणी वा संस्थाको विवरण, सूचना वा जानकारी अन्य बैंक तथा वित्तीय संस्था तथा कर्जा सूचना केन्द्र आदिसँग लिने, दिने । | कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था समेत अद्यावधिक गर्न आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| ५ | (क) वित्तीय संस्थाको अधिकृत पुँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्ब मात्र) हुनेछ । उक्त पूँजीलाई रु.१००/- का दरले २,००,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ । | (क) वित्तीय संस्थाको अधिकृत पुँजी रु. ५,००,००,००,०००।- ( अक्षरेपी पाँच अर्ब मात्र) हुनेछ । उक्त पूँजीलाई रु.१००/- का दरले ५,००,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ । | व्यावसायिक विकास तथा रणनीतिका आधारमा अधिकृत पुँजी वृद्धि गर्नु गर्नु परेकोले । | |
| | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. १,५६,४४,१३,७२७।६० (अक्षरेपि एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. १,९७,११,६१,२९६।७८ ( अक्षरेपि एक अर्ब सन्तानब्बे करोड एघार लाख एकसट्ठि हजार दुइ सय छयानब्बे रुपैयाँ अठहत्तर पैसा मात्र) हुनेछ । | बोनस शेयर प्रदान पश्चात कायम हुने जारी पुँजी मिलान गर्न आवश्यक भएकोले । | |
| | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. १,५६,४४,१३,७२७।६० (अक्षरेपि एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. ३,३३,१६,१८,२०४।४४ ( अक्षरेपि तीन अर्ब तेत्तिस करोड सोह्र लाख अठार हजार दुइ सय चार रुपैयाँ चवालिस पैसा मात्र) हुनेछ । | मर्जरपश्चात संयुक्त संस्थाको जारी पुँजी जोडिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७।६० (अक्षरेपि एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,९७,११,६१,२९६।७८ ( अक्षरेपि एक अर्ब सन्तानब्बे करोड एघार लाख एकसट्ठि हजार दुइ सय छयानब्बे रुपैयाँ अठहत्तर पैसा मात्र) हुनेछ । | बोनस शेयर प्रदान पश्चात कायम हुने चुक्ता पुँजी मिलान गर्न आवश्यक भएकोले । | |
| | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७।६० (अक्षरेपि एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | (ख) वित्तीय संस्थाको चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ ( अक्षरेपि तीन अर्ब तेत्तिस करोड सोह्र लाख अठार हजार दुइ सय चार रुपैयाँ चवालिस पैसा मात्र) हुनेछ । | मर्जरपश्चात संयुक्त संस्थाको चुक्ता पुँजी जोडिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| ९ | (५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई वित्तीय संस्थाले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरु बनाई लागू गर्न सक्नेछ । | (५) वित्तीय संस्थाले गर्नु पर्ने काम व्यवस्थित रुपले सञ्चालन गर्न प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही आवश्यक विनियम, निर्देशिका तथा कार्यविधि आदि बनाई लागू गर्न सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ दफा २२(३) मा भएको व्यवस्थासँग मिलान गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| प्रबन्ध पत्रका जुनसुकै स्थानमा | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड । | मर्जर पश्चातको नाम संशोधन गर्न आवश्यक भएकोले सोही बमोजिम मिलान गर्न । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(कम्पनी ऐन, २०६३ अन्तरगत स्थापित)

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" बर्गको वित्तीय संस्था)

## को नियमावलीमा संशोधनका लागि २१ औं साधारण सभामा प्रस्तुत तीनमहले प्रस्ताव

("साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडबिच एक आपसमा गाभ्ने र गाभिने (Merger) सम्बन्धमा सम्पन्न अन्तिम सम्झौता-पत्र (Final Scheme of Arrangement)" को बुँदा नं. १० मा भएको व्यवस्था अनुसार साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीलाई निरन्तरता दिई सोमा संशोधन प्रस्ताव गर्न संयुक्त मर्जर समितिबाट मिति २०७९/१२/९ मा प्राप्त सुझाव समेतका आधारमा)

| नियम | साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|---|
| १. | **वित्तीय संस्थाको नाम :** यस् वित्तीय संस्थाको नाम साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Limited (छोटकरीमा SKBBL) भनिनेछ जसलाई यसपछि वित्तीय संस्था भनिएको छ । | **वित्तीय संस्थाको नाम** : यस वित्तीय संस्थाको नाम साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan RMDC Laghubitta Bittiya Sanstha Limited (छोटकरीमा SKRBL) भनिनेछ, जसलाई यसपछि वित्तीय संस्था भनिएको छ । | मर्ज हुने दुवै वित्तीय संस्थाले मर्जरपछिको संयुक्त संस्थाको नाम यसैबमोजिम राख्न स्वीकार गरेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सन्चालन हुने मितिबाट लागु हुने । |
| ८ | (२) यस वित्तीय संस्थामा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ :- | (२) यस वित्तीय संस्थामा कम्तिमा १ (एक) जना महिला सहित ७ (सात) जनाको देहाय अनुसारको सञ्चालक समिति हुनेछ । | कम्पनि ऐन, २०६३ को दफा ८६ को उपदफा (२) बमोजिमको व्यवस्था गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सन्चालन हुने मितिबाट लागु हुने । |
| ८ | (क) समूह-'क' संस्थापक शेयरधनीसमूह : यस समूहबाट देहाय अनुसार ४ (चार) जनाले प्रतिनिधित्व गर्नेछन् । (१) कृषि विकास बैंक लि. लगायत बाणिज्य बैंकहरुमध्येबाट मनोनित/ निर्वाचित १ (एक) जना, (२) साना किसान सहकारी संस्थाहरुमध्येबाट १ (एक) जना महिला सहित निर्वाचित ३ (तीन) जना । | (क) समूह-'क' संस्थापक शेयरधनीसमूह : यस समूहबाट साना किसान सहकारी संस्थाहरु सहित सम्पूर्ण संस्थापकका तर्फबाट ४ (चार) जनाले प्रतिनिधित्व गर्नेछन् । | मर्जरका कारण मिलाउनु पर्ने भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सन्चालन हुने मितिबाट लागु हुने । |
| १३ | **नभएको** | (३) स्वतन्त्र सन्चालक वा विदेशी बैंक तथा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सन्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सन्चालकले व्यक्तिगत हैसियतले त्यस्तो उपविनियम (२) अनुसारको शेयर लिन आवश्यक छैन । | स्वतन्त्र सन्चालक तथा विदेशी बैंक तथा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सन्चालक मनोनयन गरेको अवस्थामा स्पष्ट गर्नु पर्ने भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सन्चालन हुने मितिबाट लागु हुने । |
| २० | **कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था** : (१) कार्यकारी प्रमुखको नियुक्ति, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम वित्तीय संस्थाको सञ्चालक समितिले गर्नेछ । | (१) वित्तीय संस्था सञ्चालनका लागि समितिले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, प्रबन्धपत्र र नियमावलीको अधिनमा रही वित्तीय संस्थाको कार्यकारी प्रमुखको नियुक्ति गर्नेछ । | प्रचलित कानुन र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार स्पष्ट गर्न आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सन्चालन हुने मितिबाट लागु हुने । |
| २० (५) | (क) सञ्चालक समितिको निर्णय लागू गर्ने र अध्यादेश, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही वित्तीय संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख, सञ्चालन, व्यवस्थापन र नियन्त्रण गर्ने । | (क) सञ्चालक समितिको निर्णय लागू गर्ने र **प्रचलित कानुन**, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही वित्तीय संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख, सञ्चालन, व्यवस्थापन र नियन्त्रण गर्ने । | भाषा मिलान गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सन्चालन हुने मितिबाट लागु हुने । |
| २३. | **विभिन्न वर्गका शेयर जारी गर्ने व्यवस्था:** प्रचलित कानुनको अधिनमा रही वित्तीय संस्थाले बोनस शेयर तथा हकप्रद शेयर निष्काशन गर्न सक्नेछ । | **विभिन्न वर्गका शेयर जारी गर्ने व्यवस्था:** (१) प्रचलित कानुनको अधिनमा रही वित्तीय संस्थाले बोनस शेयर तथा हकप्रद शेयर निष्काशन गर्न सक्नेछ ।<br>(२) अन्य वर्गको शेयर आवश्यक भएमा नियमानुसार | शेयर निष्काशन सम्बन्धमा स्पष्ट गर्न आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सन्चालन हुने मितिबाट लागु हुने । |

| नियम | साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|---|
| | | स्वीकृति लिईमात्र जारी गरिने छ । | | |
| २६. | **शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) वित्तीय संस्थाको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ढाँचामा तोकिएको दस्तुर, शेयर खरिद बिक्रीसँग सम्बन्धित लिखत र शेयरको प्रमाण-पत्र सहित वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ । | **शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) वित्तीय संस्थाको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने **संस्था वा** व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा **प्रकाशित सूचनामा तोकिएको** ढाँचामा तोकिएको दस्तुर, शेयर खरिद बिक्रीसँग सम्बन्धित लिखत र शेयरको प्रमाण-पत्र सहित र डिम्याट गरेको हकमा सो सम्बन्धी व्यवस्था बमोजिम नियमानुसार वित्तीय संस्थाले तोकेको कार्यालयमा वा वित्तीय संस्थाले नियुक्त गरेको शेयर रजिष्ट्रार मार्फत निवेदन दिनु पर्नेछ । | डिम्याट सम्बन्धी हालको व्यवस्था र भाषा मिलाउन आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| २९ (१) | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता जनही रु.६,०००/- ( अक्षरेपी छ हजार मात्र) हुनेछ । | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता जनही **रु.७,५००/- ( अक्षरेपी सात हजार पाँचसय मात्र)** हुनेछ । | प्रदान भई आएको बैठक भत्तामा एकरुपता गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| २९ (१) (ग) | (अ) काठमाडौं उपत्यका बाहिरबाट सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा वा वित्तीय संस्थाको कामको सिलसिलामा काठमाडौं आउँदा वा काठमाडौं उपत्यका बाहेक अन्यत्र वित्तीय संस्थाको काजमा खटिइ जाँदा दैनिक भत्ता रु.२,५००/- दरले उपलब्ध गराइने छ । | अ) वित्तीय संस्थाद्वारा बोलाएइका सञ्चालक समितिको बैठक लगायतका नेपालभित्र हुने कार्यहरुमा भाग लिन आउँदा/जाँदा बास बस्नु पर्ने अवस्थामा वास्तविक लागतको आधारमा आवास खर्च उपलब्ध गराईने छ । अन्यथा खाना खर्च वापत रु. २,५००/- उपलब्ध गराईनेछ । खाना सहितको आवासीय व्यवस्था उपलब्ध गराईएको हकमा खाना खर्चको आधामात्र प्रदान गरिनेछ । | खाना र आवास खर्चको व्यवस्था बारेमा खुलाई स्पष्ट व्यवस्था गर्नु पर्ने भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| ३१ | (३) वित्तीय संस्थाले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार तयार गरी आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ । | (३) वित्तीय संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफ्नो वासलात तथा नाफा/नोक्सान हिसाबको विवरण नेपाल राष्ट्र बैंकसमक्ष पेश गर्नु पर्नेछ । र, त्यस्तो वासलात र नाफा नोक्सानको विवरण सर्वसाधारणको जानकारीको लागि सोही अवधिभित्र नेपाल राष्ट्र बैंकले तोके अनुसार सार्वजनिक गर्नु पर्नेछ । वित्तीय संस्थाले लेखापरीक्षण भएको प्रत्येक आर्थिक वर्षको वासलात र नेपालभित्र तथा बाहिर भएको कारोबारको नाफानोक्सान हिसाबको विवरण तयार गरी अर्को आर्थिक वर्षको नौं महिना भित्र तोकिएको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५९ बमोजिम हुने गरी मिलान गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| ३१ | (५) साधारण सभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा नेपाल राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ र त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ । | (५) वित्तीय संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था बमोजिम गर्नेछ । त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ । | स्पष्ट पारिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| नियमावलीका जुनसुकै स्थानमा | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड | मर्जर पश्चातको नाम संशोधन गर्न आवश्यक भएकोले सोही बमोजिम मिलान गर्न । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |